शितगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश नेपाल

प.सं. २०८३।०८४
च.नं.

## आन्तरिक आय संकलनको लागि विद्युतीय दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।

(प्रकाशित मिति २०८३/४/२२)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(घ),शितगंगा नगरपालिकाको निर्णय अनुसार नगरपालिकाको आर्थिक ऐन २०८३ मा उल्लेखित अनुसूची १३ र २० (क) बमोजिमको दररेट अनुसार आय संकलन गर्नुपर्ने भएकोले यो सूचना आह्वान गरिएको छ । सूचनामा उल्लेख भए बमोजिमका शर्तहरुको अधिनमा रही न्यूनतम ठेक अंकमा नघट्ने गरी आ.व. २०८३/०८४ को असार मसान्त सम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक मुल्य अभिवृद्धि करमा दर्तावाला व्यवसायी/फर्महरुले आफुले लिन चाहेको ठेक्काको दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रा.ब.बैंक ठाडा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३३८०१००३०१०१०००३ मा दाखिला गरी छुट्टा/छुट्टै खरिद गर्नु पर्नेछ । दरभाउपत्र दाताले आफुले कवोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई कवोल रकमको (मु.अ.कर बाहेक) ५ प्रतिशत का दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा.बैंक, ठाडा शाखामा रहेको धरौटी खाता नं. ३३८०१००३०३०१०००३ मा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कम्तीमा ७५ दिनको म्याद भएको बैंक जमानत संलग्न गरी निर्दिष्ट स्थानमा दरभाउपत्र दाताले सहिछाप गरी मिति २०८३।०४।२९ गतेका दिन १२ बजे भित्र दरभाउपत्र पेश गरी सक्नु पर्नेछ । पेश हुन आएका दरभाउपत्रहरु सोही दिनको १ बजे (सार्वजनिक विदा पर्न गएमा कार्यालय खुल्दाको पहिलो दिन) यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ । शर्त, बन्देज तथा थप जानकारीको लागि नगरपालिकाको सूचना पाटी तथा वेभसाइटमा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

कर, सेवा शुल्क तथा दस्तुर सम्बन्धी ठेक्काको विवरण ।

| सि.नं. | ठेक्का नं./ आ.व. २०८३/०८४ | कार्य विवरण | न्युनतम ठेक्का अङक रु.(मु.अ.कर बाहेक) | फारम दस्तुर रु. | संकलन गर्न पाईने करका दरहरु |
|---|---|---|---|---|---|
| १ | **01-SM/ R01/SQ/2083/084** | अन्य कर- नगर क्षेत्र भित्र उत्पादन हुने माल बस्तु संकलन भई बिक्री हुने कवाड मालवस्तुको बिक्री कर । | १,२५,०००।– | १००० | आर्थिक ऐन २०८३ को अनुसूची २० (क) अनुसार |
| २ | **02-SM/ R02/SQ/2083/084** | नगर क्षेत्र भित्रको विज्ञापन कर | १,००,०००।– | १००० | आर्थिक ऐन २०८३ को अनुसूची १३ अनुसार |

प्रमुख प्रशासकीय अधिकृत

शर्त तथा बन्देजहरु-

१ व्यवसायीबाट कुनै शर्त राखिएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन । व्यवसायी र कार्यालय विच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा कार्यालयको निर्णय अन्तिम तथा मान्य हुनेछ । यसमा व्यवसायीको कुनै उजुरी लाग्ने छैन । दरभाउपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसार थप शर्त तथा बन्देजहरु राखिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

२ दरभाउपत्रमा उल्लेखित रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

३ दरभाउपत्र स्वीकृत भएपश्चात सूचना पाएको मितिले ७ दिन भित्र ठेक्का अंकको पुरै रकम, अग्रीम आयकर र मु.अ.कर एकमुष्ठ ठेक्का सम्झौताको वखत जम्मा गर्नु पर्नेछ ।

४ ठेक्का कवोल गर्ने व्यवसायीले नगरपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने सिलसिलेवर नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट ३ प्रतिका दरले छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ ।

५ ठेक्का स्वीकृत भई संझौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा वाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पनि बन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईने छैन ।

६ दरभाउपत्र खरिदको लागि आफ्नो व्यावसाय संग सम्बन्धित प्रमाण-पत्र, मु.अ.कर दर्ता प्रमाण–पत्र, करचुक्ता प्रमाण–पत्रको फोटोकपि संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

७ यस सूचनाको सम्बन्धमा तथा दरभाउपत्र फारमका कागजात, स्पेसिफिकेसन, परिमाण आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय र प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनैपनि बेला सच्याउन बाधा पर्ने छैन ।

८ यो सूचनामा उल्लेख भएका शर्तहरु यसै सूचना बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत